मुसीकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
# नगर शिक्षा शाखा
रुकुम (पश्चिम),
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या ०७४/०७५
च.नं. १३

मिति २०७४।१२।२५

**विषय : कक्षा ८ को नतिजा प्रकाशन सम्बन्धमा ।**

सम्बन्धित सबै,

प्रस्तुत विषयमा यस मुसिकोट नगरपालिका अन्तर्गत आधारभूत तह (कक्षा ८) परीक्षा समन्वय समितिको मिति २०७४।१२।२५ को निर्णय अनुसार कक्षा ८ को बार्षिक परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा तपसिल बमोजिम निर्णय भएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

१ कक्षा ८ को बार्षिक परीक्षा सम्बन्धमा प्रश्नपत्र निर्माण, परीक्षा संचालन व्यवस्थापन र उपु परीक्षणको समिक्षा गर्दा सन्तोषजनक र सुधारोन्मुख रहेको पाइयो ।

२ कक्षा ८ संचालन भएका २७ वटै विद्यालयको अंकाङ्कन र अक्षराङ्कन दुवै विधिबाट परीक्षा नतिजाको विश्लेषण गर्दा केही विद्यालयहरुको परीणाम निराशाजनक देखिएकोले ति विद्यालयहरुको सघन अनुगमन गरी सुधारको पहल गर्ने निर्णय गरियो ।

३ कक्षा ८ को बार्षिक परीक्षाको नतिजा अक्षराङ्कन पद्धतिबाट मुसिकोट नगरपालिकाको आधिकारीक Website मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

४ कक्षा ८ को बार्षिक परीक्षाको ग्रेड शिट Computerized गरी रंगिन पेपरमा छपाइ गरी वितरण गर्ने निर्णय गरियो ।

५ कक्षा ८ को बार्षिक परीक्षाको नतिजामा अक्षराङ्कन पद्धतिबाट GPA C वा सो भन्दा माथि ल्याएकालाई मात्र कक्षा ९ मा भर्ना गर्ने निर्णय गरीयो ।

६ कक्षा ८ को परीक्षामा C भन्दा कम GPA प्राप्त गरेका विद्यार्थीहरुले GP C भन्दा कम आएका बढीमा २ वटा सैद्धान्तिक विषयमा पुन: परीक्षा दिइ ग्रेड बृद्धि गर्न चाहेमा यस शैक्षिक सत्रमा परिक्षणको रुपमा आजैका मितिदेखि लागू हुने गरी १५ दिनभित्र निवेदन आव्हान गरी सम्बन्धित विद्यालयमा संकलित भई प्राप्त हुन आएका निवेदनहरुको आधारमा २० औं दिनमा मुसिकोट नपा, शिशा शाखामा मौका परीक्षा संचालन गरी अन्ति प्रामाङ्क सहित ग्रेडशिट प्रदान गर्ने निर्णय गरीयो ।

७ कक्षा ८ परीक्षामा A+ ल्याउने सबै छात्रछात्रहरुलाई नपामा २०७५।१।२ गते संचालन हुने प्रअ बैठकमा कार्यक्रमको आयोजना गरी पुरस्कृत गर्ने निर्णय गरीयो ।

८ परीक्षा संचालन तथा व्यवस्थापनमा संलग्न सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिने ।

...................

(बिनाराम खड्का)
शिक्षा अधिकृत